समृद्ध नवलपरासी

माननीय विनोद कुमार चौधरीको राजनीतिक सचिवालयद्वारा प्रकाशित बुलेटिन, (वर्ष २, अंक २, असोज २०८१)



सुस्ता पुल

'भूगोल मात्रै होइन, भावनालाई पनि जोड्नेछ'


बर्दघाट : नेपालको लामो झोलुंगे पुल सुस्ता पुल निर्माण सम्पन्न भएपछि यहाँका स्थानीय खुसी भएका छन् । विगतमा आफ्नै देशको भूमिभित्र जान पनि भारतको बाटो भएर जानुपर्ने बाध्यता थियो पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ का स्थानीयवासीलाई । दशकौंदेखिको यो बाध्यताबाट अब भने यहाँका नागरिकले मुक्ति पाएका छन् । नारायणी नदीमाथि बनेको आकर्षक झोलुंगे पुलले यहाँका नागरिकको जीवनचर्यामै परिवर्तन ल्याउने विश्वास गरिएको छ ।

बाँकी पृष्ठ २ मा

सहुलियतमा विजुली दिन पहल

सांसद चौधरीले ३५० घरधुरीमा सहुलियतमा विजुली उपलब्ध गराउन सरकारसँग पहल सुरु गर्नुभएको छ । उहाँले उर्जा मन्त्रालय र विद्युत प्राधिकरणलाई लिखित पत्र पठाउँदै

बाँकी पृष्ठ २ मा



विनोद कुमार चौधरी
प्रतिनिधि सभा सदस्य
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

Binod K. Chaudhary
Member, House of Representatives
Central Committee Member of Nepali Con

च. नं. २४

मिति:- २०८१ श्रावण ०३ गते

माननीय उर्जा, सिंचाई तथा जलश्रोत मन्त्री श्री दीपक खड्काज्यू,
उर्जा, सिंचाई तथा जलश्रोत मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

विषयः- नारायणी पारी सुस्ताका जनतालाई सहुलियत दरमा बिद्युत उपलब्ध गराउने बारे ।

माननीय मन्त्रीज्यू,



बिजया दशमीको शुभकामना

बिजया दशमी २०८१ को उपलक्ष्यमा सम्पूर्ण नवलपरासीवासी दाजुभाइ, दिदीबहिनी एवं आमाबुबाहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विनोद चौधरी
केन्द्रीय सदस्य, नेपाली कांग्रेस
प्रतिनिधिसभा सदस्य, नवलपरासी (ब.सु.प.) क्षेत्र नं. १

सहुलियतमा...

सहुलियतको विजुलीका लागि आग्रह गर्नुभएको थियो । साथै प्राधिकरणका प्रवन्ध निर्देशक घिसिङ र उर्जा मन्त्री दीपक खड्कालाई भेटेर पनि सहुलियतमा विजुली उपलब्ध गराउन आग्रह गर्नुभएको छ ।

'हाम्रो पहिलो प्राथमिकतामा सुस्तालाई पुलले जोड्ने र त्यहि पुलबाट विजुली लैजाने प्रवन्ध गर्ने थियो । यो दुबै काम एकैपटक सम्पन्न भएको छ । अब सरकारले यहाँका नागरिकलाई सहुलियतको विजुली उपलब्ध गराउनुपर्छ, त्यसका लागि हाम्रोतर्फबाट सम्पूर्ण रुपमा पहल भइरहेको छ । यसमा पनि सकारात्मक परिणाम आउने विश्वास छ,' उहाँले भन्नुभयो ।

पहिलो पटक विजुली पुग्यो सुस्तापारी


पुल नहुँदा सुस्तापारी विद्युतीकरणको समस्या थियो । यहाँ करिव ३५० घरधुरी छन् । विजुलीको पोल लैजाने बाटो समेत नभएकाले सांसद चौधरीको समन्वय र पहलमा पुलकै बाटो भएर विजुली लैजान विद्युत प्राधिकरण सहमत भएपछि पहिलो पटक राष्ट्रिय प्रसारण लाइनको विद्युत पुगेको हो । सोहि अनुसार नेपाल विद्युत प्राधिकरण र स्थानीय पूर्वाधार विभागबीच सम्झौतासमेत सम्पन्न भइसकेको छ । सांसद चौधरीले निर्वाचित भएपछि निरन्तर उक्त ठाउँमा विजुली लैजान उर्जा मन्त्रालय र विद्युत प्राधिकरणमा पहल गर्दै आउनुभएको थियो ।

झोलुंगे पुलको भार व्यवस्थापन र विद्युतीय सुरक्षाको मापदण्ड पूर्ण रूपमा पालना हुने गरी दायाँ-बायाँबाट ११ केभी लाइन निर्माण गरी सुस्तामा विद्युत् पुऱ्याइएको हो । सांसद चौधरीले निर्वाचित भएलगत्तै विद्युत प्राधिकरणका प्रवन्ध निर्देशक कुलमान घिसिङलाई नै लिएर सुस्ता पुग्नुभएको थियो ।

तीनतर्फ नारायणी नदीले घेरिएको सुस्ताको लाइफलाइनका रूपमा रहेको झोलुङ्गे पुल निर्माणसँगै विजुली पनि पुगेपछि सुस्तावासीको जीवन फेरिने अपेक्षा गरिएको छ । सांसद चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा व्यवस्थित विकासको अभियानलाई अगाडि बढाएका छन् ।



फोटो: अनलाइन खबर



विनोद कुमार चौधरी
प्रतिनिधि सभा सदस्य
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

Binod K. Chaudhary
Member, House of Representatives
Central Committee Member of Nepali Cong

मितिः- २०८१ असार ३१ गते

श्रीमान् प्रवन्धनिर्देशकज्यू,
नेपाल विद्युत प्रधिकरण,
रत्नपार्क, काठमाडौं ।

विषयः- नारायणी पारी सुस्ताका जनतालाई सहुलियत दरमा बिद्युत उपलब्ध गराउने बारे ।

भूगोल...

२०७० सालमा निर्माण प्रक्रिया अगाडि बढेको यो पुल तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने सम्झौता थियो । तर विभिन्न कारणले सुस्त गतिमा निर्माण भइरहेको यो पुलले पछिल्लो दुई वर्षमा गति लिएको हो । यस क्षेत्रबाट निर्वाचित सांसद विनोद चौधरीले पुल समयमै निर्माण सम्पन्न गर्न निर्माण कम्पनी र सरकारसँग निरन्तर समन्वय गर्दै आउनुभएको थियो ।

एक हजार पाँच सय ५८ मिटर लामो यो पुल सुस्तावासीका लागि लाइफलाइन हो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा

यो पुलले हाम्रो भूगोललाई मात्रै जोडेको छैन, यहाँका जनताको भावनालाई पनि जोडेको छ । अब यो क्षेत्र नयाँ पर्यटकीय क्षेत्रका रुपमा पनि उदाउने मेरो विश्वास छ ।

सदस्य चौधरीले पुल निर्माण कार्य सम्पन्न भएपछि खुसी व्यक्त गर्नुभयो । 'आफ्नै भूमिभित्र जान पनि अर्को देशको बाटो भएर जानुपर्ने बाध्यताको अब अन्त्य भएको छ । यो अत्यन्तै पीडादायी अवस्था थियो नवलपरासी सुस्ताको,' उहाँले भन्नुभयो, 'लामो समयसम्म पुल निर्माण कार्य सम्पन्न भएन । ढिलै भएपनि पुल निर्माण सम्पन्न भएको छ । अब यसले यो क्षेत्रका नागरिकको जीवनमा त खुसी ल्याउँछ नै, यो क्षेत्रकै आकर्षक पर्यटकीय गन्तव्य बन्नेछ ।'

उहाँले यो पुलले सुस्ताको भूगोल मात्रै नजाडी यहाँका नागरिकको भावनालाई पनि जोडेको बताए । सांसद चौधरीले निर्वाचनकै बेला पुल निर्माणको कार्यलाई प्राथमिकतामा साथ उठाउनुभएको थियो । उहाँ जिल्लास्थित सरकारी निकायका प्रमुख र निर्माण कम्पनीका अधिकारीहरुलाई ल्याएर सुस्ता पुल निरीक्षणका लागि आउनुभएको थियो । उहाँले निर्माण कार्यलाई गति दिन र त्यसका लागि आवश्यक सहजीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको थियो । ■



फोटो: नवीन पौडेल, काल्पुर

आरोह अवरोह छिचोल्दै बन्ने भयो ट्रमा सेन्टर

काठमाडौं: पश्चिम नवलपरासीको बर्दघाटस्थित चिसापानीमा ट्रमा सेन्टर निर्माण प्रक्रिया अगाडि बढेको छ । सरकारले ट्रमा सेन्टर निर्माणका लागि निर्माण कम्पनीसमेत छनौट गरिसकेको छ । शहरी विकास मन्त्रालय अन्तर्गतको सघन सहरी तथा भवन निर्माण योजना, चितवनले ठेक्का आह्वान गरेको थियो । १५ करोड बजेट लागतको बहुवर्षीय ठेक्का अन्तर्गत एक्सिस एसियन कम्पनी, जनकपुरले निर्माणको ठेक्का पाएको हो । असोज १३ गते स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले शिलान्यास गर्नुहुनेछ ।

नवलपरासी-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं कांग्रेसका नेता विनोद चौधरीले ट्रमा सेन्टर निर्माणलाई प्राथमिकतामा राख्दै आउनुभएको छ । चिसापानी अस्पतालमा ट्रमासहितको सुविधा सम्पन्न एकीकृत अस्पताल सञ्चालन गर्ने सांसद चौधरीको प्रतिवद्धता अनुसार अहिले ट्रमा सेन्टरले पनि मूर्त रुप लिन लागेको हो ।

अर्थ मन्त्रालयबाट माघ १७ गते १५ करोड रुपैयाँको बहुवर्षीय ठेक्का तथा श्रोत सुनिश्चितताको स्वीकृति प्राप्त भएको हो । निर्वाचनका बेला सांसद चौधरीले चिसापानी अस्पतालको सेवा विस्तारसँगै विशिष्टिकृत सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने प्रतिवद्धता गर्नुभएको थियो । आव २०८२/८३ सम्ममा निर्माण कार्य सम्पन्न हुने सो अस्पताल सघन सहरी तथ भवन निर्माण आयोजना, चितवनले निर्माण कार्य अगाडि बढाउने सरकारले जनाएको छ ।

'चिसापानी अस्पतालमा ट्रमा अस्पतालको निर्माण कुनै पनि हालतमा हुन नदिन विभिन्न



ट्रमा सेन्टर भवनको नमुना चित्र

पक्षहरुबाट थुप्रै अवरोधहरु भए पनि माननीय विनोद चौधरी र बर्दघाटका मेयर शम्भुलाल श्रेष्ठ, वडा अध्यक्ष गणेश क्षेत्री तथा समाजसेवी याम बहादुर थापाजस्ता व्यक्तित्वहरूले काँधमा काँध मिलाएर निरन्तर रूपमा लाग्नुभयो,' स्थानीयले भन्नुभयो ।

अस्पताल निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापनका लागि पनि थुप्रै अवरोध भएको थियो । लामो मेहिनेतपछि राष्ट्रिय आवास कम्पनीका नामको जग्गा दीर्घकालिन भाडामा लिने सहमति हुँदा पनि अवरोध गर्न खोजिएको तर सबैको पहलमा जगा प्राप्तिको काम सम्पन्न भएको बर्दघाट नगरपालिकाकै अधिकारीहरु बताउँछन् । उहाँका अनुसार श्रोत सहमतिदेखि डिजायन, इस्टिमेटको स्वीकृतिको प्रकृयामा पनि अवरोध गर्न खोजिएको थियो ।

ट्रमा अस्पताल सञ्चालनपश्चात् पूर्वपश्चिम राजमार्गमा हुने सवारी दुर्घटना तथा स्थानीय तहमा हुने दुर्घटना लगायत सबै प्रकारका विरामीहरुले सहज उपचार पाउने छन् । सांसद चौधरीले चिसापानी अस्पताललाई यो क्षेत्रकै उत्कृष्ट सेवा प्रदान गर्ने अस्पतालका रुपमा अगाडि बढाउने योजना बनाउनुभएको छ ।

चौधरी फाउण्डेसनको सहयोगमा अस्पताललाई विशिष्टिकृत सेवा दिने अस्पतालका रुपमा विकास भइरहेको छ । फाउण्डेसनकै सहयोगमा अस्पतालमा सीजी सबल केन्द्र (कृत्रिम हातखुट्टा सेवा परियोजना) सञ्चालनमा छ । यो सेवा नागरिकले निशुल्क प्राप्त गर्नेछन् । ■

बर्दघाटमा बन्दै एसएमई भिलेज

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बर्दघाट नगरपालिका वडा नं. ५ खजुरा खोलाको किनारामा निर्माणाधीन साना तथा मझौला औद्योगिक ग्राम (एसएमई भिलेज) ले गति लिएको छ । नेपाल सरकारले नमूना औद्योगिक ग्रामको रूपमा घोषणा गरेको यस औद्योगिक ग्राम आर्थिक वर्ष २०८०/८१ मा निर्माण सुरू भएको हो ।

करिब १७ करोड लागत अनुमान गरिएको यो औद्योगिक ग्रामको निर्माण सम्पन्न गर्न करिब ३ वर्ष लाग्नेछ । यसका चालू आर्थिक वर्षमा २ करोड रुपैयाँ बजेट विनियोजन भएको छ भने कार्य प्रगतिका आधारमा आवश्यक थप बजेट व्यवस्था मिलाउने प्रतिवद्धता उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको छ ।

निर्माण सम्पन्न भएपश्चात् सो औद्योगिक


साना तथा मझौला उद्यमशीलता विकासग्रामको शिलान्यास

ग्रामको सञ्चालन बर्दघाट नगरपालिकाले गर्नेछ । यसका लागि नगपालिकाले समयमै औद्योगिक ग्राम सञ्चालन कार्यविधि तयार गर्नुपर्नेछ ।

औद्योगिक ग्राम निर्माण सम्पन्न भए पश्चात् सञ्चालनका लागि उपयुक्त योग्य उद्यमी तयार गर्न युवाहरूलाई तालिमको व्यवस्था गरिनेछ । पूँजि व्यवस्थापनका लागि बर्दघाट नगरपालिका र युवा तथा साना व्यवसायी स्वरोजगार कोषबीच आपसी सम्झौता भएको छ ।

व्यवसाय सुरुवात गर्न चाहने व्यवसायीलाई बिना धितो ऋण उपलब्ध गराइनेछ । वाणिज्य बैंकहरूबाट सहज तथा सरल कर्जाको व्यवस्था मिलाइनेछ । उत्पादित वस्तुको बजारमा सहज पहुँचको व्यवस्था मिलाइनेछ । यसले यस क्षेत्रको औद्योगिक विकास तथा रोजगारी वृद्धि भइ जिल्लाको समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्नेछ । ■

गण्डक नहर

नेपालतर्फ सिचाईं र डुवानको दीर्घकालीन समाधानको खोजी

नेपाल गण्डक पश्चिम नहर सिंचाइ प्रणालीका प्रमुख समस्याहरु

गण्डक पश्चिम नहर सिंचाईसँग प्रत्यक्षरूपमा जोडिएका केही टड्कारा विषयहरूमा आमचासो छ । यो परियोजनाले परिकल्पना गरेको कमाण्ड क्षेत्रमा अहिलेसम्म पूर्ण सिचाईं हुन सकेको छैन । नेपालतर्फको नहरको मुहानमा जम्मा भएको सिल्टको उचित व्यस्थापन हुन नसक्नु त्यसको प्रमुख कारण हो । त्यसलाई प्रत्येक वर्ष सफाई गर्न जरूरी छ भने अर्कोतर्फ नेपाली नहरको मुहानमा निर्माणाधीन बालुवा थिगार्ने तथा व्यवस्थापन गर्ने पोखरी निर्माण परियोजना अहिलेसम्म पूर्णरूपमा सम्पन्न हुन सकेको छैन ।

यस परियोजनाको प्याकेज ५ र ६ को निर्माण कार्य सुरुवात हुन नसक्दा करिब १५ हजार एकड जमिनमा सिंचाई पुऱ्याउन कठिनाई भइरहेको छ । सामान्यतया, नेपालमा भारतमा भन्दा १ महिना अगाडि धान रोप्ने र अन्य खेति गरिन्छ । तर नेपाल र भारततर्फ एकै पटक पानी छोड्दा नेपाली कृषकहरूले समस्या भोग्ने गरेका छन् । सिंचाई सँगसागै डुवानको समस्या पनि गण्डक पश्चिम नहर सिंचाइ प्रणालीसँग जोडिएको एक प्रमुख समस्या हो । एकातर्फ पानीको उचित निकास हुन सकिरहेको छैन भने अर्कोतर्फ खोला र खहरेतर्फबाट बगेको पानी फेरि फर्केर आउने समस्याका कारण विगतमा डुवान समस्या हुने गरेको थियो ।

माननीय विनोद चौधरी पश्चिम नवलपरासीबाट निर्वाचित हुनु भए पश्चात सिंचाई एवं डुवानको समस्याको दीर्घकालीन व्यवस्थापन एवं समाधानका लागि विभिन्न तह र चरणमा समन्वय एवं सहकार्यमा उल्लेखनीय कामहरू भएका छन् । यो लेखमा त्यस्ता प्रयत्न र भविष्यका योजनाहरूसमेत प्रस्तुत गरिएको छ ।

गण्डक कार्यालय नवलपरासीले सम्पादन गरेका कामहरु

नेपाल गण्डक पश्चिम नहर सिंचाइलाई पूर्ण, व्यवस्थित, प्रभाकारी रूपमा सञ्चालन गर्न सम्बन्धित कार्यालयले यथोचित मिहेनत गरिरहेको छ । विगत केहि वर्षदेखि कार्यालयले नेपालतर्फको नहरको मुहानमा थुप्रिएको सिल्टिंडलाई सफाई गर्दै नहरमा परिकल्पना गरिए अनुसारको पानी जाने व्यवस्था गर्न सिल्टिंङ बेसिन निर्माणको कामलाई तीब्रता दिएको छ ।

कार्यालयले आर्थिक वर्ष २०८१/८२ भित्र यो परियोजना सम्पन्न गर्ने लक्ष्य लिएको छ । गत वर्षहरूमा नहरको क्षमताभन्दा आधा मात्रै (४ क्युसेक) पानी बग्ने गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा ६ क्युसेकसम्म पानी बगेको छ भने स्वभाविकरूपमा थप कमाण्ड क्षेत्रमा पनि सेवा विस्तार भएको छ । साथै, लाइनिङ, शाखा र उपशाखाहरुको सरसफाईको कामलाई पनि कार्यालयले उच्च प्राथमिकता दिएको छ र त्यस्ता कामहरूले पानीको चुहावट पनि कमी आएको छ । यसले गर्दा यस वर्ष गत वर्षहरु भन्दा बढि धान उत्पादन हुने आशा गरिएको छ । विगतमा सिंचाई व्यवस्थापनलाई प्रमुख प्राथमिकता दिएको कार्यालयले सरोकारवालासँगको सहकार्यमा डुवानको समस्यालाई पनि विशेष प्राथमिकता दिन थालेको छ र त्यसकै परिणामस्वरूप कार्यालयले २७७ करोड रुपैयाँ बराबरको डुवान समस्याको दीर्घकालीन समाधानको कामलाई अगाडि बढाएको छ ।

यो नहर पूर्ण एवं प्रभावकारी सञ्चालनमा आउन नागरिकको सहभागिता अनिवार्य देखिन्छ । त्यसलाई मनन गर्दै सिंचाई कार्यालयले जल उपभोक्ता समिति निर्माणलाई पनि उच्च प्राथमिकता दिई काम गरिरहेको छ ।

गत आर्थिक वर्षमा भारत सरकारद्वारा भारू ५० करोड बजेट विनियोजन गरी तटबन्ध निर्माण गर्ने एवं ड्यामलाई फराकिलो बनाउने काम भई रहेको छ । साथै, भारत सरकारले शाखा एवं उपशाखाहरुको सरसफाईको कामलाई तीव्रता दिएको छ । यो वर्ष रायपुर, श्रीखोला, अम्चुरखोला निकास मर्मत संभारको काम भएको छ । आगामी गण्डक हाई कमाण्ड बैठकमा धनेवा-झहरे-चन्दन नाला, पुरानो झरहीखोलाको निकासको मर्मतको काममा सहकार्यलाई विशेष प्राथमिकताका साथ उठाइने तयारी पनि भइरहेको छ ।

माननीय विनोद चौधरी पश्चिम नवलपरासीबाट निर्वाचित हुनु भए पश्चात सिंचाई एवं डुवानको समस्याको दीर्घकालीन व्यवस्थापन एवं समाधानका लागि विभिन्न तह र चरणमा समन्वय एवं सहकार्यमा उल्लेखनीय कामहरु भएका छन् ।

गण्डक कार्यालयले तर्जुमा गरेका दुई डीपीआर

माथि उल्लेख गरे झैं अहिलेको ठुलो उपलब्धिकारूपमा त्यस क्षेत्रको डुवान समस्याको दीर्घकालीन समाधानका लागि नेपाल गण्डक पश्चिम नहर सिंचाइ कार्यालयले कुल २७७ करोड नेपाली रुपयाँ लागत अनुमान सहितको दुई वटा डीपीआर तयार गरेको छ । यसको कार्यान्वयनका लागि माननीय विनोद चौधरीज्यूको समन्वयमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा माननीय मन्त्रीज्यूको उपस्थितिमा २०८१/८२ पौष ८ गते वृहत छलफल कार्यक्रम समेत सम्पन्न भएको छ । यसका लागि सम्माननीय प्रधानमन्त्रीज्यूसँग समेत समन्वय भई रहेको छ । यि दुवै डीपीआरहरू तत्काल कार्यान्वयनमा लैजाने सम्बन्धमा वर्तमान मन्त्रीज्यूसमेत सकारात्मक रहनुभएको छ ।

अन्तर्राष्ट्रिय सहकार्य

सिंचाई व्यस्थापन एवं डुवान समस्यालाई न्यूनीकरण गर्न भारत सरकारसँगको संवाद एवं सहकार्यले पनि धेरै नै गति लिएको अवस्था छ । माननीय विनोद चौधरीज्यूले यस विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको समयमा यो विषयलाई प्राथमिकता दिन सुझाव दिनुभएको थियो । यो विषयमा संसदमासमेत उठाउनुभएको थियो । भारतीय जलशक्ति मन्त्री श्री गजेन्द्र सिंह शेखावतसँग २०८० माघ २३ गते शिष्टाचार भेट तथा पत्राचार भएको छ भने भारतीय अर्थ राज्यमन्त्री श्री पंकज चौधरीज्यूलाई सो २०८० माघ १० गते पत्राचार गर्ने काम भएको छ ।

चालू वर्षको बजेट

धेरै प्रयत्न एवं सकारात्मक नतिजाका बाबजुद बजेट अभावको समस्या भने अझै पनि पूर्णरुपमा समाधान हुन सकेको छैन । आर्थिक वर्ष २०८१/८२ मा सिल्टिङ बेसिन निर्माणका लागि ९ करोड बजेट छुट्याइएको भए पनि यसबाट आर्थिक वर्ष २०८०/८१मा सम्पन्न कामको लागि ३ करोड भुकतानी दिनुपर्ने अवस्था छ । त्यस्तो अवस्थामा लक्ष्य अनुसार आर्थिक वर्ष २०८१/८२ मा सिल्टिंङ बेसिन निर्माणको कामलाई सम्पन्न गर्न थप १२ करोडको आवश्यक देखिन्छ ।

कार्य प्रगतिको आधारमा थप बजेट व्यवस्था गरिदिने मन्त्रालय उच्च तहको प्रतिवद्धता छ । आर्थिक वर्ष २०८१/८२मा नहरको मर्मत एवं व्यवस्थापनको लागि रु ३ करोड विनियोजन भएको छ । त्यसबाट नियमित व्यवस्थापन सगै धनेवा-झहरे (चन्दन नाला, पुरानो झरही)खोलाको निकासको कामलाई पनि सुरुवात गर्ने लक्ष्य राखिएको छ ।

यो सिंचाई नेपालको विकासको एउटा प्रमुख आधार हो भन्नेमा कसैको दुईमत नहुँदा नहुँदै पनि लामो समय यो परियोजनाले आवश्यकता अनुरुपको प्राथमिकता पाउन सकेको थिएन र सिथिल थियो । माननीय विनोद चौधरी निर्वाचित हुनु भएपश्चात यसको व्यवस्थापनलाई उच्च प्राथमिकता दिनुभयो । यसले स्थानीयहरूमा एउटा छुट्टै उर्जा र आत्मविश्वास सिर्जना गरेको छ । सरोकारवालाहरूबीच समन्वय एवं सहकार्य अभिवृद्धि भएको छ । यसलाई निरन्तरता दिदै लामो समयदेखिको यो क्षेत्रका जनताको आशा पूरा गर्न हामी सबै एकवद्ध हुनुपर्दछ । ■



केन्द्रीय समितिमा व्यक्त धारणा:

'कांग्रेसले दोस्रो चरणको आर्थिक सुधारको नेतृत्व लिनुपर्छ'

यतिबेला नयाँ बनेको सरकारलाई सबैले स्थायी सरकारका रुपमा लिएका छन् । लामो अस्थिरताको चक्रव्यूहबाट देश बाहिर आएको भन्ने दृष्टिकोणबाट जनताले लिएका छन् । कांग्रेस र एमालेबीच भएको सहमति अनुसार सरकार अगाडि बढ्यो र हाम्रा अन्तरविरोध हटाउन सकियो भने यो मुलुककै लागि खुसीको कुरा हो । त्यसैले अबको भावी दिशाको केन्द्रविन्द् अर्थतन्त्रलाई बनाउन सकियो र यतिबेला देशले भोगिरहेका गम्भीर विषयहरु जसको चर्चा गर्न म गइरहेको छु, तिनको व्यवस्थापन गर्न सकियो भने हामी श्रीलंका र बंगलादेशको नियतिबाट देशलाई जोगाउन सकौंला भन्ने मलाई लाग्दछ ।

करिव एक करोडको हाराहारीमा नेपाली देश बाहिर छन्, तिनहरुमध्ये अधिकांशको खुसीले होइन, बाध्यताले विदेशिएका हुन् । परिवारबाट टाढिएको स्थिति छ । यसले एक प्रकारको सोसल कन्फ्लिक्ट निम्त्याएको छ ।

वार्षिक डेढ लाख भन्दा बढि विद्यार्थी देशबाहिर जाँदैछन् । यसबाट डेढ खर्बभन्दा बढि विदेशी मुद्रा नेपालबाट बाहिरिने गरेको छ । त्यतिमात्र होइन, देशको सबैभन्दा महत्वपूर्ण अंश जसको काँधमा भोलिको नेपालको जिम्मेवारी टिकेको छ, त्यो फर्केर नेपाल आउन चाहँदैन । जाने बेलामै नफर्किने मानसिकता बोकेर देश छोड्छ ।

सरदर २० प्रतिशत वृद्धि हुने राजश्व दुई वर्षदेखि स्थिर छ । यसले अहिलेको खुम्चिएको अर्थतन्त्र र आर्थिक गतिविधिलाई प्रष्टसँग इंगित गर्दछ । यो त्यसैको प्रमाण हो ।

नयाँ लगानीका जतिसुकै आँकडा बाहिर आएपनि पुराना लगानीहरुलाई जेनतेन सम्पन्न गर्नेबाहेक नयाँ लगानीको सुरुवात हुन नसकेको कुरा हालै सम्पन्न लगानी सम्मेलनले पनि देखाएको छ ।

भ्यालू चेन र सप्लाइ चेन विखण्डित छ । राजश्व घटेको छ । निर्यात घटेको छ । अनि आयात पनि घटेको अवस्था छ । उत्पादन, राजश्व र आयात घट्नुले खपत घटेको कुरालाई प्रष्टसँग देखाउँछ । घट्दो राजश्व त्यसैको नियति हो । अझै पनि हामीले यो कुरालाई गम्भीर रुपमा लिएर हाम्रा राजश्वका दरहरुलाई उत्पादन बढाउनेतर्फ प्राथमिकता दिनुको साँटो सरकार अन्य विभिन्न दलीलका आधारमा पुष्टि गर्ने काममा लागेको पाउँछु ।

यो देशको ठूलो पार्टी, लामो इतिहास भएको पार्टी अहिले पनि स्थानीय तहदेखि केन्द्रसम्म पहिलो पार्टी हो कांग्रेस । पटक पटक भएका राजनीतिक आन्दोलनको मात्रै नभई आर्थिक विकासको नेतृत्व गरेको हाम्रो पार्टीको आर्थिक नीति र दृष्टिकोण के हो भन्ने कुरा अस्पष्ट छ । कांग्रेसले दोस्रो चरणको आर्थिक सुधारको नेतृत्व लिने कुरामा अलमलिएको हो कि भन्ने देखिन्छ । यसका लागि पार्टीको स्पष्ट दृष्टिकोण आवश्यक हुन्छ ।

८० प्रतिशतभन्दा बढि लगाानीको अभिभारा बोकेको निजी क्षेत्र यतिबेला अत्यन्तै निराश छ, त्रसित छ । कुन पार्टीले निजी क्षेत्रको आकांक्षा, सपना र भोलिको नेतृत्व गर्दैछ भन्ने कुरा स्पष्ट छैन। निजी क्षेत्रको लिड गर्ने पार्टी कुन हो ? कांग्रेसले यो अवसर गुमाउने त होइन भन्ने चिन्ता मलाई छ ।

कृषिको उत्पादन दिनप्रतिदिनमा तालमेल नहुँदा जाँदा जीडीपीमा यसको अंश २५ प्रतिशत घटेको छ भने कृषिमा निर्भर जनसंख्याको अनुपात अझै ५० प्रतिशतभन्दा बढि छ । यसले कृषि क्षेत्रमा जोडिएका जनताहरुको अवस्था कमजोर बन्दै गएको तथ्यलाई स्थापित गर्दछ ।

कृषिसँग प्रत्यक्ष जोडिएको मल समयमै नपाउनुपर्ने परिस्थिति आउनु दुर्भाग्य हो । मलको अभाव कहिल्यै हुन नदिन पेट्रोलियम पदार्थमा जस्तै सिधै जिटुजीमार्फत् आयात गर्ने व्यवस्था हुन सक्यो भने प्रत्येक वर्ष हुने मलको अभावलाई रोक्दछ ।

गत वर्षको आँकडा हेर्ने हो भने विकास खर्च अपेक्षाकृत हुन नसकेको स्थिति छ । ठूला ठूला परियोजनाको काम अपेक्षाकृत हुन नसक्नु र नयाँ क्षेत्रमा लगानी हुन नसक्नु नै यसको प्रमुख कारण हो । स्थानीय तहमा प्रत्यक्ष जाने अनुदान बजेटकै भरमा जे जति स्थानीय तहले साना तिना विकासका काम गरिरहेको छ, त्यसले सानै रुपमा भएपनि देशको अर्थतन्त्रलाई चलायमान बनाउन योगदान दिएको छ । ठूलो क्षेत्रमा अपेक्षाकृत काम हुन सकेको छैन । जसमा सरकारको मूल ध्यान जानुपर्ने हो ।

त्यसकारण अब हाम्रो पार्टीको आर्थिक दृष्टिकोणलाई फेरि एकपटक नयाँ परिभाषित गर्ने बेला आएको जस्तो मलाई लाग्दछ । हाम्रा पार्टीका संस्थापक एवं पहिलो जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाले उतिबेला भन्नुभएको उत्पादन बिनाको वितरणले समाजवाद ल्याउन सक्दैन भन्ने कुरा यति बेला प्रमाणित भइसकेको छ । त्यसैले म त उहाँलाई नेपाली समाज र माटो बुझेको दार्शनिकका रुपमा पनि लिन्छु । अब हामीले उहाँका दर्शनलाई आत्मसात गर्दै अहिलेको समयसापेक्ष समाजवादको नयाँ परिभाषा गर्नुपर्ने बेला आएको छ ।

निजी क्षेत्रसँग, उत्पादकहरुसँग र किसानहरुसँगका हाम्रा अन्तरसम्बन्धका आधारहरु के के हुन् ? हामीले बनाउन खोजेको नेपालको खाका कस्तो हो ? बेरोजगार युवाहरु, निराश जनता, मल नपाउने किसान, उद्योगधन्दा चलाउनै नसक्ने परिस्थितिबाट गुज्रिरहेका उद्यमी व्यवसायीहरुका अगाडि कस्तो नेपालको खाका पस्किने हो ? त्यसको स्पष्ट दृष्टिकोण ल्याउने बेला भएन र ? केन्द्रीय समिति बैठकमा यी तमाम विषयमा गहन छलफल र विचार विमर्श होस् भन्ने म चाहन्छु ।

जय नेपाल । ■

> पटक पटक भएका राजनीतिक आन्दोलनको मात्रै नभई आर्थिक विकासको नेतृत्व गरेको हाम्रो पार्टीको आर्थिक नीति र दृष्टिकोण के हो भन्ने कुरा अस्पष्ट छ । कांग्रेसले दोस्रो चरणको आर्थिक सुधारको नेतृत्व लिने कुरामा अलमलिएको हो कि भन्ने देखिन्छ ।

हुलाकी सडक र नारायणगढ बुटवल सडकखण्डमा चासो

छिटो काम सम्पन्न गर्न निर्माण कम्पनी र सरकारसँग पटकपटक छलफल



तत्कालीन भौतिक योजना मन्त्री प्रकाश ज्वाला, आयोजनाका प्रमुख र संसदीय समितिका सभापतिसहित छलफलमा

काठमाडौं: प्रतिनिधिसभा सदस्य विनोद चौधरीले हुलाकी सडक र नारायणगढ बुटवल सडकखण्डको काम छिटो सम्पन्न गर्न सरकार र निर्माण कम्पनीलाई निरन्तर दवाव दिँदै आउनुभएको छ । उहाँले प्रत्येक पटक जिल्ला आउँदा सरोकारवाला निकायसँग सामूहिक रुपम छलफल गर्दै यी दुई आयोजनालाई प्राथमिकतामा राख्न आग्रह गर्दै आउनुभएको हो । साथै उहाँले निर्माण कार्य छिटो सम्पन्न गर्न आफ्नोतर्फबाट सरकारसँग गर्नुपर्ने सम्पूर्ण पहल र समन्वय गर्न तयार रहेको बताउँदै निर्माण कम्पनीलाई काममा ढिलासुस्ती नगर्न दवाव आग्रह गर्दै आउनुभएको हो ।

सांसद चौधरिले तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालासहित अन्य सरोकारवाला मन्त्रालयसँग पनि संयुक्तरुपमा छलफल गर्नुभएको थियो । उहाँले २०७९ श्रावण २२ भित्रमा निर्माण कार्य सम्पन्न गर्ने सक्ने लक्ष्यसहित मिति २०७५ चैत्र ८ मा ठेक्का सम्झौता भएको पूर्व-पश्चिम (नारायणघाट-बुटवल खण्ड) राजमार्ग अझै निर्माण सम्पन्न नभएकोमा सरकारको गम्भीर ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले ६ वर्षसम्म पनि काम सम्पन्न नहुँदा सरकारले चासो नदेखाएको भन्दै सडक समयमै निर्माण नहुँदा यात्रु र स्थानीयले पाएको सास्तीबारे सरकारलाई गम्भीर बन्न आग्रह गर्नुभएको थियो ।

त्यस्तै दुई वर्षमा काम सम्पन्न गर्ने गरी मिति २०७३ फागुन १५ गते निर्माणको सम्झौता भएको करिब १३ किलोमिटर लामो हुलाकी राजमार्गप्रति पनि सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । दुई वर्षमा सम्पन्न गर्नुपर्ने काम चौथो पटक म्याद थप हुँदा पनि सम्पन्न हुने अवस्था नदेखिएको भन्दै जनताप्रति जिम्मेजार बन्न आग्रह गर्नुभएको थियो ।

सांसद चौधरीकै पहलमा २०८० साल माघ २२ गते तत्काली भौतिकयोजना मन्त्री प्रकाश ज्वालाको कार्यकक्षमा हुलाकी राजमार्ग र बुटवल नारायणगढ सडकखण्डका बारेमा निर्माण कम्पनीका प्रतिनिधि, आयोजनाप्रमुख, संसदीय समितिका पदाधिकारी र मन्त्रालयका अधिकारीसहित छलफल भएको थियो । उक्त छलफलमा सांसद चौधरीले सरकार र निर्माण पक्षबीचको आपसी समन्वयका आधारमा निश्चित समय तोकेर काम सम्पन्न हुनुपर्नेमा जोड दिनुभएको थियो । यी दुई राष्ट्रिय परियोजनाको काम सम्पन्न नहुँदा स्थानीयले सास्ती भोग्नुपरेको छ भने उक्त सडकखण्ड भएर जाने यात्रुहरुले पनि दुख भोग्दै आएका छन् । ■

वैदेशिक रोजगारीमा जाने युवाहरुलाई सहजीकरण

बर्दघाट: देशभित्र पर्याप्त रोजगारी नभएपछि वैदेशिक रोजगारीमा जानु नेपाली युवाहरुको बाध्यता हो । विभिन्न मुलुकमा रोजगारीका जाने युवाहरुमध्ये कतिपयलाई म्यानपावर कम्पनी र दलालहरुले ठग्ने गरेका उदाहरणहरु हामीले सुन्दै आएका छौं । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को निर्वाचन क्षेत्र नं १ का युवाहरू यस्तो ठगीबाट जोगिउन् र उनीहरुले तुलनात्मक रुपमा राम्रो काम पाउन् भन्ने उद्धेश्यले सांसद विनोद चौधरीले वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई आफ्नो सचिवालयमार्फत् सहजीकरणमा सहयोग गर्दै आउनुभएको छ ।

निर्वाचन क्षेत्रका न्यून आय भएका, बेरोजगार, असहाय परिवारका युवालाई लक्षित गरेर उनीहरुलाई निःशुल्क वैदेशिक रोजगारीमा जाने प्रवन्ध हुँदै आएको छ । यसका लागि बर्दघाटमा रहेको सांसद विनोद चौधरीको राजनीतिक सचिवालयले रोजगारीका लागि विदेश जान चाहाने युवाहरूको लगत तयार गर्ने गर्दछ भने काठमाडौंमा रहेको सचिवालयले उपयुक्त मेनपावरहरूसँग समन्वय गरी ती युवाहरूलाई वैदेशिक रोजगारीका सिलसिलामा सहजीकरणको काम गर्दै आएको छ । यसको एउटै उद्धेश्य हो, आफ्नो निर्वाचन क्षेत्रका युवाहरु नठिउन् र उनीहरुले



सीजी पोलिटेक्निकबाट टेक्निसियन तालिम लिएका युवाहरुसँग माननीय विनोद चौधरी ।

विदेश गइसकेपछि पनि काम नपाउने र तलव नपाउने परिस्थिति नआओस् । सांसद चौधरीको सचिवालयले युवाहरुलाई निशुल्क वैदेशिक रोजगारी पठाउन सहजीकरण गरेपछि ति युवाहरु पनि खुसी छन् भने उनीहरुका परिवारले सांसद चौधरीको यो कार्यको प्रशंसा गर्दै आएका छन् । राजनीतिक सचिवालयका अनुसार अहिलेसम्म एक सय जना भन्दा बढी युवाहरू वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशमा पुगेका छन् ।

स्वदेशमै युवाहरुलाई सीपमूलक तालिम

सांसद चौधरीले आफ्नो निर्वाचन क्षेत्रका युवाहरुलाई लक्षित गरेर विभिन्न सीपमूलक तालिमहरु प्रदान गर्दै आउनुभएको छ । युवाहरुलाई प्राविधिक तथा सीपमूलक तालिम दिएर उनीहरुलाई स्वदेशमै राम्रो रोजगारीको प्रबन्ध हुनुका साथै उद्यमशील बन्न खोज्ने युवाहरुलाई पनि सहज हुँदै आएको छ । त्यति मात्रै नभएर वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई यसले भनै फाइदा पुगेको छ । दक्ष कामदारका रुपमा जाँदा उनीहरुले पाउने सेवा सुविधा राम्रो हुने गरेको छ ।

सीपी पोलिटेक्निकमार्फत् तालिम लिइरहेका युवाहरुलाई नेपालमा रहेको आफ्ना विभिन्न उद्योग, कलकारखाना रोजगारीको व्यवस्था गर्नुभएको छ भने अन्य स्थानमा समेत उपयुक्त रोजगारीका लागि सहजीकरणको काम हुने गरेको छ । सांसद चौधरीले सीपमूलक तथा प्राविधिक तालिम लिएपछि युवाहरुलाई स्वरोजगार बन्न वा अन्य रोजगारीमा फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभएको छ । ■

माननीय विनोद चौधरीज्यूको सुस्ता भ्रमणका तस्वीरहरु

















विनोद चौधरीले सुरू गरेको व्यवस्थित विकासको अभियान

माननीय विनोद चौधरीकै अगुवाईमा हाम्रो निर्वाचन क्षेत्रका गौरवका विकास आयोजना तय गरियो । त्यसपछि प्राथमिकताका आधारमा अरु कार्यक्रमको छनौट गरियो । अहिले त्यहि कार्ययोजना अनुसार तीन तहकै सरकारसँग समन्वय गर्दै ति कार्यक्रमहरुलाई सफल बनाउन उहाँ सक्रिय भएर लाग्नुभएको हामीले देखेका छौं



तेस्रो आँखा

समिम अन्सारी
सुस्ता गाउँपालिका वडा नं ४, नवलपरासी

सामान्यता हामीकहाँ नेताहरु जिल्लामा आउने भनेको आफ्नै पार्टीका राजनीतिक कार्यक्रम वा कुनै सभा भेलालाई सम्बोधन गर्न नै हो । यो हाम्रो जिल्लाको मात्रै नभएर, प्राय सबै ठाउँमा हुँदै आएको प्रचलन हो । नेताहरु कुनै विकासका कार्यक्रमभन्दा पनि राजनीतिक भाषण गर्न र नेता कार्यकर्ता भेट्न नै बढि आउने गरेका छन् । हाम्रै जिल्लाको कुरा गर्ने हो भने पनि यो हामीले दशकौंदेखि देख्दै आएको र भोग्दै आएको प्रचलन हो भन्दा फरक पर्दैन । राजनीतिक भाषणबाजी र विपक्षीमाथिको तेजोबोध गर्नेभन्दा माथि हाम्रो राजनीतिक संस्कार पनि उठ्न नसकेको यथार्थ हो ।

जब २०७९ साल मंसिरमा निर्वाचनको कुरा भयो, हाम्रो यो निर्वाचन क्षेत्रमा प्रतिष्ठित उद्योगपति विनोद चौधरीको नाम निकै चर्चामा आयो । उहाँलाई रोक्न पार्टीभित्र र बाहिरबाट भएका प्रयत्नहरुबारे यहाँ धेरै भनिरहनुपर्दैन । त्यो छुट्टै चर्चाको विषय हो । तर जब उहाँ टिकट ल्याएर नवलपरासी आउनुभयो, प्रतिस्पर्धी उम्मेदवारहरुले त उहाँ चुनाव जितेपछि निर्वाचन क्षेत्र नआउने र जनताले भेट्नै नसक्ने भन्दै यो विषयलाई आफ्नो मुख्य चुनावी नारा नै बनाए । यो कुराले मतपरिणाममा कति फरक पार्‍यो, यो त त्यसै भन्न सकिन्न तर यो कुरा भने हरेक मतदाताको घरमा छलफलको विषय भने पक्कै बन्यो । मेरै घरमा पनि यो विषयले चर्चा पाएको थियो ।

तर जब चुनाव सम्पन्न भयो, मतपरिणाम हाम्रै पक्षमा आयो । नेपाली कांग्रेसका केन्दीय सदस्य एवं देशकै प्रतिष्ठित उद्योगपति विनोद चौधरी अत्याधिक मतका साथ विजयी हुनुभयो । यसले उहाँप्रति मतदाता र यहाँका नागरिकको विश्वासलाई प्रतिबिम्बित गरेको थियो । जसरी चुनावका बेला चौधरी जितेपछि यो क्षेत्र नै आउँदैनन्, उहाँको अनुहार नै देख्न पाईँदैन भन्ने जस्ता प्रचारवाजी गरिए, त्यसलाई गतल साबित गर्दै उहाँ यो डेढ वर्षको बीचमा निरन्तर निर्वाचन क्षेत्र आइरहनुभएको छ । प्रत्येक वडावडामा उहाँ पुग्नुभएको छ । उहाँ केवल आफ्ना पार्टीका नेता कार्यकर्तालाई भेट्न आउनुभएको छैन, कुनै न कुनै विकासका कार्यक्रमहरु अनि जनताका पीर मर्काको सम्बोधन गर्ने गरी आउनुभएको छ ।

हाम्रै निर्वाचन क्षेत्रबाट पटकपटक निर्वाचन जित्नेहरु जनताका बीचमा त्यति गएको मैले देखेको छैन, जति यो छोटो समयमा माननीय विनोद चौधरी पुग्नुभएको छ। चुनावका बेला मात्रै जनताको घरदैलोमा पुग्ने नेताहरुको प्रवृत्तिलाई गलत साबित गर्दै उहाँ निरन्तरत यहाँका जनतासँग संवाद गर्दै आउनुभएको छ, यो हामी सबैका लागि खुसीको कुरा हो ।

कतिपय विरोधीहरुले विकासकै कुरालाई लिएर पनि चर्चा गर्ने गर्दछन्, म यसका बारेमा केहि उल्लेख गर्न चाहन्छु । जब माननीय विनोद चौधरी निर्वाचित हुनुभयो, उहाँले यो क्षेत्रको समग्र विकासका बारेमा एउटा स्पष्ट दृष्टिकोणसहिको खाका तयार गर्नुभयो । यो क्षेत्रका समस्या र सम्भावनाका बारेमा उहाँले विज्ञहरुसहित राखेर जिल्लामै छलफल गर्नुभयो । जुन छलफलले यो क्षेत्रको आश्यकता र सम्भावनाका विभिन्न पाटाहरुमा मिहीन रुपमा छलफल गरेर एउटा प्रष्ट खाका बनायो । कसरी यो क्षेत्रलाई देशकै नमुना निर्वाचन क्षेत्रका रुपमा विकास गर्न सकिन्छ भन्ने उहाँको सोचकै कारण यो सम्भव भएको हो ।

लामो समयदेखि काम सुरु भएका वा अलपत्र परेका होउन् वा नयाँ कार्यक्रम, ति सबैलाई एकत्रित गरेर उहाँकै अगुवाईमा हाम्रो निर्वाचन क्षेत्रका गौरवका विकास आयोजना भनेर तय गरियो । त्यसपछि प्राथमिकताका आधारमा अरु कार्यक्रमको छनौट गरियो । अहिले त्यहि कार्ययोजना अनुसार तीन तहकै सरकारसँग समन्वय र संवाद गर्दै ति कार्यक्रमहरुलाई सफल बनाउन माननीय विनोद चौधरीज्यू सक्रिय भएर लाग्नुभएको हामीले देखेका छौं । म दावाका साथ भन्न सक्छु, सम्भवतः यसरी काम गरेको देशमा कुनै अर्को निर्वाचन क्षेत्र छैन। अरु जिल्ला वा निर्वाचन क्षेत्रमा काम नै नभएको भन्न पक्कै खोजेको होइन, तर यसरी व्यवस्थित रुपमा कार्ययोजना र कार्यतालिका बनाएर काम भइरहेको मैले सुनेको छैन ।

उहाँ निर्वाचित भएको अहिले दुई वर्ष पनि पुगेको छैन । दशकौंदेखि विकासका नाममा खासै उल्लेखनीय काम नभएको र गिजोलिएको अवस्थामा रहेको विकासलाई अहिले एकैपटक सबै कायालपट सम्भव हुँदैन । उदाहरणका लागि खजुरा खोलाकै कुरा गरौं न: २०७७ सालमै निर्माण प्रक्रिया सुरु भएको पुल दुई वर्षभित्र सम्पन्न भइसक्नुपर्ने थियो । तर २०७९ सालसम्म किन कोहि बोल्नुभएन ? जब माननीय विनोद चौधरीज्यूले चुनाव जित्नुभयो, उहाँले यो पुलको काम अगाडि बढाउन सबै पक्षसँग छलफल गरेर शिलान्यास भयो । तर विभिन्न कारण देखाएर पुलको काम बीचमै रोकियो तर उहाँले निरन्तर निर्माण कम्पनी र सरकारका निकायहरुसँग छलफल गरिरहनुभएको छ । मलाई विश्वास छ, यो काम छिट्टै फेरि अगाडि बढ्छ । यो पुल निर्माण सम्पन्न गराउन माननीय विनोद चौधरीले गर्नुभएको पहलका बारेमा हामी कोहि बोल्दैनौं तर पुल बनेन भनेर विरोध मात्रै गर्छौं ।

हुलाकी सडक, बुटवल नारायणसडकखण्ड, ट्रमा सेन्टरलगायतका विकासका काममा माननीय विनोद चौधरीको पहलकदमी प्रशंसनीय छ । उहाँले विकासका काममा सरकारका निकायसँग जसरी समन्वय गरिरहनुभएको छ, त्यसरी विगतमा काम भएको भए हामी अहिले यसरी पछाडि पर्नपर्ने अवस्था आउँदैनथियो । हामीले एक असल नेतृत्वको खाँचो थियो, जुन अहिले पाएका छौं । अब विनोद चौधरीको नेतृत्वमा यो क्षेत्रलाई मुलुककै विकासमा नमुना क्षेत्रका रुपमा अगाडि बढाउनुछ ।

तसर्थ, अहिले हामी सबैले माननीय विनोद चौधरीलाई साथ दिने बेला हो । यो निर्वाचन क्षेत्रलाई साँच्चिकै विकसित ठाउँमा रुपमा अगाडि बढेको हामीले देख्न खोजेका हौं भने राजनीतिक वाद र आपसी आरोपप्रत्यारोपभन्दा माथि उठेर एकढिक्का भएर अगाडि बढ्नुपर्छ । चुनावमा विकास लागि राजनीति भन्ने उहाँको मूल नारा थियो । अब यो नारालाई सार्थक बनाउन हाम्रो साथको खाँचो छ । माननीय विनोद चौधरीले गरेका जति पनि प्रतिवद्धता छन्, त्यसको कार्यान्वयनका लागि सबैले सकारात्मक र रचनात्मक दवाव दिऔं तर विरोधका नाममा विरोध गरेर काम गर्ने मान्छेलाई निरुत्साहित बनाउने कार्यले हामीलाई नै घाटा हुने हो । हाम्रो निर्वाचन क्षेत्र फेरि दशकौंपछि धकेल्ने हो । नेताहरु त आउँछन्, जान्छन् तर त्यसको नोक्सानी व्यहोर्ने हामीले नै हो । त्यसैले अहिले माननीय विनोद चौधरीले जुन विकासको नेतृत्व गर्नुभएको छ, त्यसलाई साथ दिऔं । विरोध गर्ने र असहयोग गर्ने गल्ती हामीले गर्नुहुँदैन । ■

सम्पादक मण्डल: मधुसूदन पौडेल, सगेन्द्र भण्डारी, राजकुमार धिमिरे, सरोज थापा, **सम्पर्क कार्यालय**: रवि भवन,काठमाडौं। फोन नं.:+९७७-९८५१०२३३७३,
स्थानीय अफिस: बर्दघाट - ७, जिमिरेभार, नवलपरासी (ब.सु.प.) क्षेत्र नं १, लुम्बिनी प्रदेश, नेपाल। फोन नं.: +९७७-७८-५२०३३०, ईमेल: bkc.secretariat@gmail.com